हलेसि तुवाचुङ नगरपालिका र

कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC)

बीच

# साना सिँचाइ कार्यक्रम- दोस्रो चरण

कार्यान्वयनका लागि भएको

# समझदारी पत्र

१ साउन, २०७७ देखि १६ पुष, २०८१ सम्म

तदनुसार

१६ जुलाई, २०२० देखि ३१ डिसेम्बर, २०२४ सम्म

## प्रस्तावना

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच प्रदेश १ का मध्यपहाडी गाउँ तथा नगरपालिकामा साना सिँचाइ कार्यक्रम (SIP) संचालन गर्न का लागि मिति २६ जुन २०२० तदनुसार १२ असार २०७७ मा द्विपक्षीय सम्झौता भई कार्यान्वयन शुरु भएको छ । हाल देश संघीय राज्य प्रणालीमा रुपान्तरण भएको र स्थानीय सरकारहरु समेत गठन भैसकेको रुपान्तरित परिस्थितिमा कार्यक्रमलाई सहज ढंगले कार्यान्वयन गर्नका लागि स्वीकृत कार्यक्रम दस्तावेजमा उल्लेख भएका बूँदाहरुका आधारमा हलेसि तुवाचुङ नगरपालिका र कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC) बीच कार्यक्रम कार्यान्वयन गर्न यो समझदारी पत्रमा हस्ताक्षर गरेका छौं । समझदारी गरिएका बुंदाहरु देहायअनुसार रहेका छन् :

## समझदारी-पत्रको अवधि

यस समझदारी-पत्रको अवधि १ साउन २०७७ देखि १६ पुष, २०८१ सम्म तदनुसार १६ जुलाई २०२० देखि ३१ डिसेम्बर, २०२४ सम्म रहनेछ ।

## कार्यक्रमको क्षेत्र

परियोजना दस्तावेज (Program Document) को बुँदा नं. ६.१ मा भएको व्यवस्था अनुसार यस कार्यक्रमको लक्षित क्षेत्र पहिलो वर्षमा प्रदेश नं. १ का करीब ४८ वटा मध्यपहाडी क्षेत्रका गाउँ तथा नगरपालिकाहरु रहनेछन् भने कार्यक्रम अवधिभरमा क्रमशः विस्तार गर्दै ६० वटासम्म हुनसक्नेछन् ।

## कार्यक्रमको लक्ष्य

यस कार्यक्रमको मुख्य लक्ष्य साना किसान, विशेष गरी विपन्न कृषकहरुको कृषि आयमा वृद्धि गरी गरिबी घटाउने रहेको छ । यो लक्ष्यप्राप्तिका ३ प्रतिफलहरु देहाय बमोजिम रहेका छन् :

(क) स्थानीय सरकारहरुले साना किसानहरुको सिंचित कृषिसम्बन्धी आवश्यकताहरुलाई प्रभावकारी रुपले सम्बोधन गर्नेछन् ।

(ख) साना किसान, विशेषगरी विपन्न समूहहरुले कृषि उत्पादकत्वमा वृद्धि गर्नेछन् ।

(ग) व्यवसायीहरुले सिंचित क्षेत्रका किसानहरुलाई बजारसम्बन्धी नवीनतम प्रकारका सहयोग तथा उत्पादनहरु प्रदान गर्नेछन् ।

कार्यक्रमले प्रदेश नं. १ सरकारको आवधिक योजनाको सिँचाई सँग सम्बन्धित लक्ष्य हासिल गर्न समेत मद्दत पुऱ्याउनेछ ।

## कार्यक्रम दस्तावेज

कार्यक्रमको लक्ष्य, प्रतिफल, परिणाम, गतिविधिहरु तथा बजेट दायित्वको विस्तृत विवरण कार्यक्रम दस्तावेज (Project Document) मा उल्लेख गरिएको छ । यो समझदारी-पत्र कार्यक्रम दस्तावेजकै आधारमा तयार पारिएको छ ।

## लागत सहभागिता

यस कार्यक्रममा कुल निर्माण लागतको २० प्रतिशत अंश संघीय सरकारबाट, ३० प्रतिशत स्वीस सरकारबाट, २० प्रतिशत प्रदेश सरकारबाट, २० प्रतिशत स्थानीय सरकार (नगरपालिका) बाट र १० प्रतिशत अंश जल उपभोक्ता संस्था (ज.उ.स.) बाट बेहोरिनेछ । परियोजना अवधिभरको लागि सार्वजनिक निर्माणको कूल अनुमानित लागत तथा सम्बन्धित निकायको सहभागिता देहायको तालिकामा भएअनुसार हुनेछ ।

| | संघीय सरकार (२०%) | प्रदेश सरकार (२०%) | स्थानीय सरकार (२०%) | स्वीस सरकार (३०%) | ज.उ.स. (१०%) | जम्मा |
|---|---|---|---|---|---|---|
| सार्वजनिक निर्माण | १,००,७४,००,००० | १,००,७४,००,००० | १,००,७४,००,००० | १,५१,११,००,००० | ५०,३७,००,००० | ५,०३,७०,००,००० |

## कार्यान्वयनमा संलग्न निकायहरुको दायित्व र भूमिका

यस कार्यक्रमको कार्यान्वयनमा संलग्न निकायहरुको दायित्व र भूमिका देहाय अनुसार हुनेछ :

### हलेसि तुवाचुङ नगरपालिका

**१.१ स्थानीय सरकारको क्षमता सुदृढीकरण**

क. स्थानीय सरकार अन्तर्गत संचालन गरिने साना सिँचाइको योजना छनौट, डिजाइन, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र निर्माण पश्चात प्रदान गरिने सेवाका लागि अपनाइने कार्यविधि र प्रकृयामा एकरुपता ल्याउन एकद्वार प्रणाली अवलम्वन गरिनेछ र सोका लागि प्रदेशबाट प्राप्त मार्गदर्शनको आधारमा निर्देशिका तयार गरिनेछ ।

ख. एकद्वार प्रणालीले योजनाको पहिचान, सम्भाव्यता, योजना छनोट, सर्वेक्षण तथा डिजाईन, सिँचित कृषिको विकास र सहयोग तथा बजारको पहुँच तथा विस्तार एवं संचालन विधि सम्बन्धी सबै कृयाकलापलाई एउटै प्रणालीबाट निर्देशित गर्नेछ । यस अन्तर्गत मापदण्ड, नीति र कोष तथा यसको प्रवाह गर्ने संयन्त्रमा एकरुपता रहनेछ ।

ग. निर्माण संरचनाको लागि आवश्यक नर्मस् तथा मापदण्ड तयार गरी लागु गरिनेछ । उपरोक्त सम्पूर्ण कृयाकलापका लागि गाउँपालिका/नगरपालिकाको क्षमता अभिवृद्धि र विकास गर्न PMISC द्वारा आवश्यक सहयोग प्राप्त हुनेछ ।

**१.२ लागत सहभागिता:** कूल निर्माण लागतको २० प्रतिशतले हुन आउने रकम नगरपालिकाले जलउपभोक्ता संस्था (ज.उ.स.) लाई अनुदानको रुपमा प्रदान गर्नेछ ।

**१.३ अनुदानका शर्तहरु:** नगरपालिकाले द्विपक्षीय सम्झौतामा उल्लेख भएका सबै किसिमका अनुदानका शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

**१.४ योजनाको पहिचान तथा छनौट**

क. योजनाहरुको कार्यान्वयनको लागि कृषकहरुबाट माग भई आएका निवेदनहरुको आधारमा नगरपालिका द्वारा स्वीकृत योजना तर्जुमा प्रक्रिया मार्फत आयोजनाको सूची तयार गरिनेछ । यसरी तयार भएको योजनाको सूची मध्ये, साना सिँचाइ कार्यक्रम अनुदान सहयोगमा कार्यान्वयन हुने योजनाहरुको हकमा भने PMISC को सहयोगमा कार्यक्रम दस्तावेजमा उल्लेख भएअनुसार प्राविधिक र सामाजिक मापदण्डहरुका आधारमा विस्तृत सर्वेक्षणका लागि गरी अन्तिम सूची तयार गरिनेछ ।

ख. यो सूची नगर सभाबाट स्वीकृत/अनुमोदन गरिनेछ । यसरी स्वीकृत/अनुमोदन गर्नु अघि नै तत्तत् सिँचाइ योजना क्षेत्रमा पालिका स्तरबाट संचालन गरिने कृषि प्रसार तथा कृषि विकास सम्बन्धी कार्यक्रमहरुको योजना बनाई लागू गर्ने प्रतिबद्धता सहित कृषी विकास समितिबाट सिफारिस भएको हुनुपर्नेछ । यस पश्चात मात्र, निर्माणको प्रकृया अगाडि बढाइने छ । यसका साथै कृषि उत्पादनलाई बजारसंग जोड्नका लागि आवश्यक पहल एवं सहजीकरण गर्नुपर्नेछ ।

**१.५ योजनाको विस्तृत प्रतिवेदन** (PPR) :

क. बुंदा १.४, ख. अनुसार सभाबाट स्वीकृत/अनुमोदन भएका साना सिँचाइ कार्यक्रमको अनुदान सहयोगमा कार्यान्वयन हुने योजनाहरुको PMISC को सहयोगमा विस्तृत सर्वेक्षण गरिनेछ । विस्तृत सर्वेक्षणबाट कार्यान्वयनका लागि संभाव्य भएका योजनाहरुको Project Preparation Report (PPR) तयार गरिने छ ।

ख. यसरी PPR तयार भएका योजनाहरु सिंचित क्षेत्र, विपन्न (DAG) घरधुरीको संख्या, सडक तथा बजारको दूरी र आयोजनाको प्रति इकाई लागतको आधारमा प्राथमिकीकरण गरिनेछ र PMISC को सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरी क्रमशः पहिलो नम्बरबाट, बजेट परिधी भित्र रही कार्यान्वयन प्रकृयामा लगिनेछ ।

**१.६ योजनाको दोहोरोपन:** हरेक आर्थिक वर्षमा संघीय, प्रादेशिक, नगरपालिका तथा अन्य निकायको बजेटबाट संचालन हुने साना सिँचाइ आयोजनाहरुको सूची नगरपालिकाले तयार गर्नेछ । सो को आधारमा स्रोतको दोहोरोपन नहुने गरी साना सिँचाइ कार्यक्रम कार्यान्वयन गर्न सुनिश्चितता गरिनेछ ।

**१.७ संस्था दर्ता:** जलउपभोक्ता संस्थालाई नगरपालिकाले नियमानुसार दर्ता/नविकरण गर्नेछ ।

**१.८ मर्मत तथा संम्भार कोषमा नगद अग्रिम जम्मा गर्ने:** योजनाको निर्माण लागतको कम्तीमा १ प्रतिशत रकम (upfront cash) मर्मत तथा संम्भारका लागि जलउपभोक्ता संस्थाले निर्माण अगावै जम्मा गर्नुपर्नेछ ।

**१.९ उपभोक्तासंग सम्झौता:** निर्माण कार्य सम्पन्न गर्नकालागि नगरपालिका र ज.उ.स.बीच सम्झौता गरिनेछ । सम्पूर्ण निर्माण कार्य ज.उ.स मार्फत मात्र गरिनेछ ।

**१.१० जन सहभागिता:** ज.उ.स. को क्षमता र स्थानीय सरकारको नीतिका अधीनमा रही दश प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) जन सहभागिताको अंश निर्धारण गरिनेछ । उपभोक्ताले गर्नुपर्ने जन सहभागिताको अंश निर्धारण गर्दा सिंचित क्षेत्रको अनुपातमा गरिनेछ । तर जन सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ ।

**१.११ सामूहिक बिमा, सुरक्षा सम्बन्धी उपकरण र मेशिन तथा औजार:** निर्माण कार्य सुरु हुन अगावै योजनामा काम गर्ने कामदारहरुको सामूहिक दूर्घटना बीमा अनिवार्य रुपमा नगरपालिकाले गर्नेछ । साथै निर्माण कार्यमा प्रयोग हुने सुरक्षा सम्बन्धी उपकरण र मेशिन तथा औजारहरु (अनुसूची १ मा उल्लेख भए बमोजिम) पनि नगरपालिकाले यथा समयमै खरिद गरेर ज.उ.स. लाई उपलब्ध गराउनु पर्नेछ ।
निर्माण कार्य सकिए पश्चात प्रयोग गरिएका मेशिन तथा औजारहरु मर्मत तथा संभार समितिलाई हस्तान्तरण गर्नुपर्नेछ ।

**१.१२ कन्टेन्जेन्सी एवं प्राशासनिक खर्च सम्बन्धी व्यवस्था:** सञ्चालित योजनामा कन्टेन्जेन्सी वापत छुट्याईएको रकम खर्च गर्दा, ज.उ.स र नगरपालिकाले कार्यक्रम दस्तावेज (Project Document, page 35) मा उल्लेखमा गरिएका शीर्षक बमोजिम खर्च गर्नु पर्नेछ ।

**१.१३ निर्माण पेश्की तथा असुली:** निर्माण सामाग्रीहरुको खरिद तथा निर्माण कार्यका लागि कामको प्रकृतिको आधारमा, PMISC को सिफारिसमा ज.उ.स. लाई निर्माण लागतको बढीमा ३० प्रतिशत सम्म पेश्की रकम दिन सकिनेछ । उक्त पेश्की रकम निर्माण कार्यको बीलहरुको आधारमा PMISC बाट सिफारिस भए बमोजिम गरी हिसाब मिलान गर्नु पर्नेछ ।

**१.१४ समान कामको** लागि महिला र पुरुष कामदारको **समान पारिश्रमिक** सुनिश्चित गरिनेछ ।

**१.१५ निर्माण कार्यको भुक्तानी:** ज.उ.स. बाट भएको कामको बिल PMISC बाट सिफारिस भएको मितिले ३० दिन भित्र भुक्तानी दिने व्यवस्था सुनिश्चित गरिनेछ ।

**१.१६ लेखा सम्बन्धी:**

क. चौमासिक रुपमा खर्चको फाँटबारी प्रचलित म.ले.प फार्म नं २१३ तयार गरिनेछ र सो को १ प्रति सम्वन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालय र १ प्रति PMISC लाई पठाउनु पर्नेछ ।

ख. स्वीस सरकार विकास सहयोग तर्फको अनुदान रकम नगरपालिकालाई PMISC मार्फत संघीय कोषमा स्थानान्तरण गरी उपलब्ध गराइनेछ ।

ग. आन्तरिक लेखापरीक्षणको प्रतिवेदन र वार्षिक रुपमा हुने महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षणको प्रतिवेदन एक एक प्रति PMISC मा पठाउनु पर्नेछ ।

घ. वार्षिक रुपमा खर्चको विवरण (Statement of Expenditure) अनुसूची २ मा संलग्न फारम अनुरुप तयार गरिने छ र सो को १ प्रति PMISC लाई पठाउनु पर्नेछ ।

ङ. सम्पूर्ण खर्चहरुको बिल भर्पाई आवधिक रुपमा अध्यावधिक गरी राख्नुपर्दछ ।

**१.१७ कृषि सम्बन्धी :**

क. साना सिँचाइ कार्यक्रमबाट संचालन भएका आयोजनाहरुमा बाली उत्पादकत्व बढाउनका लागि तथा निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषितर्फ उत्प्रेरणा गराउन, नगरपालिका बाट संचालन हुने कृषि प्रसार कार्यक्रम तथा विकास र बजारीकरण सम्बन्धी गतिविधिलाई अनिवार्य रुपमा संचालन गरिने व्यवस्था मिलाउनु पर्नेछ ।

ख. निर्माण कार्य सुरु हुनुअगावै पालिकाका कृषि प्राविधिकहरु सम्बन्धित योजनामा गई त्यस योजनाको सिँचित क्षेत्रको कृषि सम्बन्धी आवश्यकता तथा सम्भावनाहरुको पहिचान गर्नुपर्नेछ ।

**१.१८ सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण:** उपभोक्ता समितिलाई सम्झौता अगावै सार्वजनिक सुनुवाई, आयोजना कार्यान्वयनका दौरान सार्वजनिक समीक्षा र निर्माण कार्य सकिए पश्चात र भुक्तानी अगावै गरिने सार्वजनिक परीक्षण सम्बन्धित वडा कार्यालयको रोहबरमा गर्नु पर्नेछ ।

**१.१९ आयोजना निर्माण सम्पन्न संयुक्त प्रमाणीकरण:** निर्माण काम सम्पन्न भएका आयोजनाहरुको अन्तिम नाप जाँच नगरपालिका /वडा कार्यालयको रोहबरमा गर्नु पर्नेछ र साथै निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

**१.२०** योजना कार्यान्वयनको चरणमा स्थानीय स्तरमा आईपर्ने राजनैतिक र सामाजिक विवादहरु सुल्झाउने र निर्विवादित एवं सुरक्षित ढंगले योजना निर्माण कार्य सम्पन्न गराउन प्रमुख भूमिका निर्वाह गर्नु पर्नेछ ।

## २. कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC)

२.१ स्थानीय सरकारलाई साना सिँचाइ क्षेत्रमा अपनाइने कार्यविधि र प्रकृयामा एक रुपता ल्याउन तथा एकद्वार प्रणाली मार्ग दर्शन निर्देशिका तयार गर्न सहयोग गर्नेछ ।

२.२ नगरपालिका लाई आयोजना पहिचान, पूर्व संभाव्यता, सर्भेक्षण र आयोजना तयारी प्रतिवेदन तयार पार्ने जस्ता कार्यहरुमा (योजना तयारी तथा डिजाईनको हरेक तहमा) सहयोग गर्नेछ ।

२.३ आयोजनाको निर्माण कार्यको रेखांकन, सूपरीवेक्षण, गुणस्तर कायम तथा अनुगमन जस्ता निर्माण सम्बन्धी सम्पूर्ण कार्यमा नियमित रुपमा संलग्न भई आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछ ।

२.४ सम्झौता अनुसार जलउपभोक्ता समितिद्वारा भए/गरेका कामको नापी गर्ने, बील तयार गर्ने र नियमानुसार भुक्तानीको लागि नगरपालिकामा सिफारिस गर्नेछ ।

२.५ नगरपालिकाले ज.उ.स. लाई उपलब्ध गराउने पेश्की रकम र सो को फर्छ्यौटका लागि सिफारीस गर्नेछ ।

२.६ साना सिँचाई कार्यक्रमको क्षेत्रमा स्थानीय सरकारलाई सुदृढीकरण तथा क्षमता विकासको लागि सहयोग प्रदान गर्नेछ ।

२.७ ज.उ.स.को क्षमता विकासका लागि आवश्यक तालिमहरु आयोजना गर्नेछ ।

२.८ ज.उ.स.लाई सम्झौता अगावै सार्वजनिक सुनुवाई, आयोजना कार्यान्वयनका दौरान सार्वजनिक समीक्षा र निर्माण कार्य सकिए पश्चात र भुक्तानी अगावै गरिने सार्वजनिक परीक्षण गर्न सहजीकरण तथा सहयोग गर्नेछ ।

२.९ ज.उ.स. लाई निर्माण कार्यका लागि चाहिने मेसिन औजार र कामदारको सामुहिक दूर्घटना बीमा तथा सुरक्षा उपकरण खरिद गर्न पालिकालाई सहजीकरण तथा सहयोग गर्नेछ ।

२.१० स्वीस सरकार विकास सहयोग तर्फको अनुदान रकम नगरपालिकालाई PMISC मार्फत संघीय कोषमा स्थानान्तरण गरी उपलब्ध गराइनेछ ।

Balram S.K.

**संशोधन सम्बन्धी व्यवस्था :**
यस समझदारी-पत्रमा संशोधन, थपघट वा समझदारी अन्त्य गर्नुपर्ने अवस्थामा दुवै पक्षबाट लिखित पत्रचार मार्फत, आपसी समझदारीमा गर्न सकिनेछ ।

**उपरोक्त बमोजिम कार्य गर्न मंजुरी भई हस्ताक्षर गर्ने पदाधिकारीहरु, अधिकारीहरुः**

| हलेसि तुवाचुङ नगरपालिका | | कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाताको कार्यालय |
|---|---|---|
| हस्ताक्षर<br>नामः श्री इवन राई<br>पद : नगर प्रमुख<br>कार्यालयको छाप : | हस्ताक्षर<br>नामः श्री हरि प्रसाद चापागाई<br>पदः प्रमुख प्रशासकिय अधिकृत<br>कार्यालयको छाप : | हस्ताक्षर<br>नामः श्री वलराम श्रेष्ठ<br>पदः CSCS<br>कार्यालयको छाप : |
| हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुर्छिम, सोटाङ १ नं. प्रदेश, नेपाल | हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुर्छिम, सोटाङ १ नं. प्रदेश, नेपाल | PMISC SIP Phase II 2020 |

मिति : २०७७ फाल्गुन २५